# नेपाल ख्रीष्टियन हेराल्ड
# NEPAL CHRISTIAN HERALD






राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 21 No 11 Monthly International Edition of Herald of His Coming November 2020

वर्ष २१, अङ्क ११ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (मंसिर, २०७७)


## जर्ज मुलर : भरोसाको जीवन (भाग -२)

### (George Mullor's Life of Trust Part – 2)

Vol 78 No 12 (936)

(अगाडिको अंकबाट क्रमश:)

एक दिन साँझको कुरा हो जर्ज मुलर ले परमेश्वरको वचन पढिरहेका थिए, उनी अचानक रोकिन पुगे त्यो खण्ड थियो "" तिमीहरूको मुख पुरा खोल, र म त्यो भरिदिन्छु।" -भजन संग्रह ८१ : १०) यो कुरा मैले हाम्रो अनाथालयमा प्रयोग गर्ने प्रयास गरे र यसै प्रतिज्ञाद्वारा विश्वासमा मुख खोलेँ अनि चिन्दै नचिनेको मानिसले एक हजार पाउण्ड दिनु भयो र उहाँले हाम्रो अनाथालय लाई प्रशासनिक रूपमा पनि ठूलो सहायता गर्नु भयो।

दुई दिन पछि हामीले अनाथालयको काम शुरु गऱ्यौ मैले मुखै खोलेर मानिसहरूलाई उत्साह दिएँ। सबैलाई यो कुरा मनपऱ्यो र मानिसहरूले पैसा, कपडा भाँडा कुडा फर्निचरहरू दिन्छु भनी प्रतिज्ञा गरे। यी सामान भन्दा अझै महत्वपूर्ण कुरा १८ घण्टा लगातार प्रार्थनाको सेवा पनि सुरु भयो। एक जना अति नै आर्थिक समस्या नभएकी बहिनीले दिनु भयो। यो थोरै रकम थियो तर प्रेम पूर्वक दिइएको थियो उनले अझै भनीन् "जर्ज सर मैले अझै दिनुपर्छ कि ? " म दंग पर्दै भने तपाईंसँग अनाथालयलाई दिने पैसा छ र ? उनले भनीन् "रगतको मुल्य कहिलै हुँदैन, ख्रीष्टले मेरो निम्ति रगत दिनु भयो त्यसको मुल्य मैले जति दिए पनि पुग्दैन यो त सानो भाग हो आवश्यकता पऱ्यो भने मलाई सम्झनु होस्।" यो वचनले यसलाई उत्साह दियो।

वास्तवमा मुलर दम्पत्ती ले बालकहरूको विचमा केही गर्नुपर्छ भन्ने सोच भएता पनि यो काम अरु कसैले गरोस् भन्ने उनले चाहेका थिए। अब अनाथालय सुरु गर्ने दिन आयो एकै जनाले पनि म तपाईंकोमा आएर बस्छु भनेर भनेनन्। भोलिपल्ट उद्घाटन को दिन १० - १२ जना बच्चाहरू आए। उनले सबैको निम्ति प्रार्थना गरे सुरुकै दिन अति नै आशिषको वर्षा भएको मुलर दम्पती तथा अरु उनका प्रार्थनाका साथिहरूले थाहा पाए। यसरी नयाँ सेवाको स्वरूप विकास भयो। अब परमेश्वरले अचम्मको काम गर्दै जानुभयो। पहिलो अनाथगृह खोलेको डेडवर्ष भित्र दोश्रो अनाथगृह सुरु भयो। यो चाँही ७ - १२ वर्षको केटाहरूको लागि मात्र हो। यी दुईवटै अनाथ गृहको लागि एउटा घर एउटै सडकमा उपलब्ध भयो। अब त्यो अनाथ गृहमा बच्चाहरू र कर्मचारीहरू गरी ९० जनाले ले खाना खानु पर्ने भयो। यो आकारको परिवारको लागि मुलरले सधै घुँडा टेक्नु पऱ्यो। उनले के भइरहेको छ भन्ने विषयमा श्रीमती र अरु २ जना सहकर्मीहरूलाई मात्र बाँड्दथे। उनले यो वचन घरि घरि दोहोऱ्याउँथे"... इस्राएलका घरानाको विन्ती मा स्वीकार गर्नेछु र तिनीहरूका निम्ति यो काम गरिदिनेछु, म तिनीहरूका मानिसहरूलाई भेडाहरू जस्तै असंख्य तुल्याइदिने छु।" (इजकिएल ३६ : ३७)

**विश्वासको प्रयास**

सुरुवातीका वर्षहरूमा धेरै आर्थिक चुनौतीहरू आए। एकपटक एकदमै आर्थिक अभाव भएको वेला मुलरले आफ्ना कर्मचारीहरूलाई २ वटा प्रार्थना सभामा समावेस गराए। त्यति वेला पनि उनले कर्मचारीहरूलाई आर्थिक खाँचो छ भनेर कहिले भनेनन्। धेरै कुरा उनी र परमेश्वरको विचमा मात्र

हुने गर्दथ्यो। एक साँझ उनलाई एकदमै आर्थिक सँग भएको वेला उनले हिब्रू १३ : ८ बाट पढिरहेका थिए "येशू ख्रीष्ट हिजो, आज र सदासर्वदा एक समान हुनुहुन्छ। उनले मनमनै भने आजको दिन सम्म परमेश्वरले मलाई त्याग्नुभएको छैन, उहाँ एकसमानका परमेश्वर हुनुहुन्छ यो समयमा पनि उहाँले जुटाउनु हुन्छ। यो कुरा मनमा सोच्न पाउँदा नपाउँदै एक जना अपरिचित व्यक्ति आएर सर मुलर ! भन्नुभयो र एउटा खाम थमाएर जानु भयो त्यसको भित्र २० पाउण्ड रहेछ यसरी परमेश्वरले जुटाउनु भयो।

आर्थिक अवस्थाकै बारेमा कुराकानी गर्दा मुलरले भन्दथे " परमेश्वरले मलाई चाहिने जति पैसा अझै पठाउनु भएको छैन। खाँचो पर्न जति मात्र दिनु भएको छ। उहाँले मेरो विश्वास अनुसारको आवश्यकता पुरा गरिदिनु मात्र भएको छ। उहाँको अनुग्रह मेरो लागि अझै आवश्यक छ। " मुलरले आफ्नो जीवनमा यस्ता धेरै कुराहरू अनुभव गरेका छन्।

केही दिन पछिको कुरा हो उनी यसरी लेख्छन् "प्रभुले हाम्रा दैनिक आवश्यकताहरू पुरा गर्न उहाँको कृपा देखाउनु भयो। मैले जे कुरा मागे उहाँले त्यो घण्टा नबित्दै दिनुहुन्छ।" परमेश्वरले मुलरले मजबुद बनाउँदै लानुभयो। उनी गम्भिर परिक्षामा पनि परेका छन् तर परमेश्वरको कृपा उनको जीवनमा प्रसस्त छ। प्रार्थनामा गरेका श्रमका फलहरू देखेर उनी दंगै पर्दछन्। कति पटक सहकर्मीहरूलाई सँगै बोलाएर, कति पटक उनी एक्लै प्रार्थनामा समय बिताइ रहन्छन्। उनीहरूले तिर्न नसक्ने कुनै पनि समान किन्दै किन्दैनन्। आवश्यकता हेरी उनहिरू सामान खरिद गर्छन् कतिपटक आफै सँग भएका किताब तथा अन्य सामानहरू वेचेर उनीहरूको खाँचो टार्दछन्।

**परमेश्वर लगातार विश्वास योग्य**

एकपटक आर्थिक अवस्था सारै गाह्रो भएकाले उनीहरूले आफूसँग भएका सामानहरू बेच्ने प्रयास गरे। त्यसैवेला लण्डनको एक महिलाले आफ्नो हातमा केही कुराहरू लिएर आइन्। उनले हामीलाई धेरै आर्थिक सहयोग गर्ने उद्देश्यले हाम्रो ढोकामा बसेकी रहिछन्। यो घटनाको प्रतिक्रिया दिदै मुलरले यसरी लेखेका छन् "उनले अनाथ गृहमा पैसा दिनको लागि धेरै दिने देखि प्रतिक्षा गरेकिरहिछन्। परमेश्वरको योजना पहिले देखिनै रहेछ। उहाँले हाम्रो धैर्यता हेर्नको लागि उनकै हातमा त्यो पैसा राखि दिनु भएको रहेछ। जब हाम्रो प्रार्थना पुरा भयो तब मात्र ति महिलाले हामीलाई हस्तान्तरण गरिन्। "म बाहिर निस्कें र परमेश्वरलाई धन्यवाद दिंदै आँखाभरी आँसु निकाले।"

वास्तवमा खाँचोहरू धेरै नै थियो तर मुलरले अनाथ, विधवा तथा गरिबहरूको सहायता गर्न सकेकोमा उनी एकदमै खुसी छन्। विधवाहरूको सेवा फेरि अर्को चुनौती पूर्ण भयो तर यसको लागी परमेश्वरले एकजना भाइलाई प्रयोग गर्नुभयो। उनले आफूसँग भएको सम्पूर्ण कुराहरू विक्री गरेर थुप्रै विधवाहरूलाई सहयोग गरे। एक पटक श्रीमती मुलर बिरामी परिन्। यो अति नै गाह्रो अवस्था थियो तर एक जना महिलाले आफ्नो हातको कमाई बैंकमा राखेकी रहिछन् त्यहीबाट ठूलो सहायता गरिन् । ती महिलाको हृदय यी २ वटा पदले छोएको रहेछ।

"तिमीहरूको सम्पत्ति वेचेर भिक्षा देओ ..." (लूका १२ : ३३)

"आफ्नो निम्ति पृथ्वीमा धन सम्पत्ति नपुयार... ।" (मत्ती ६:१९) मुलरले आफ्नो दैनिकीमा लेखेका छन्- "आज हामी साँच्चिकै गरिबीमा छौं।" अर्को दिन फेरी उनले यसरी लेखे "हिजो परमेश्वरले हामीलाई जाँच गर्नु भयो फेरी उहाँले आज हामीलाई प्रसस्त गरी दिनुभयो। उहाँले कहिलै पनि हामीलाई गरिबीमा राख्नु भएन। उहाँको महिमाले हामीलाई धैर्यवान हुन सिकाउनु भयो, प्रभु धन्यवाद।"

एक पटक हामीलाई सारै आर्थिक समस्या भयो। मलाई लाग्छ यति सारै गाह्रो अहिले सम्मै भएको थिएन। एक जना गरिब सेवकको उपहारले हामो आवश्यकताहरू पुरा गरिदियो। अर्को पटक उनकी वहिनीले उनलाई सहायता गरिन्। उनले भनिन दाजू मुलर ! हाम्रो स्वास्थ्य त्यति राम्रो छैन अस्पताललले धेरै पैसा लगिसक्यो। अब हामी औषधी खाँदैनौं हामी सँग भएको सम्पूर्ण धनसम्पत्ति तपाईंको अनाथालय लाई दिने निर्णय गऱ्यौं नभन्नुहोला। हामीले सोचे भन्दा धेरै रकम उनले दिइन् जसले गर्दा हाम्रो सेवकाई स्थायी हुन धेरै सहायता मिल्यो। परमेश्वरले काम गर्नुहुन्छ।

एकपटक अनाथहरूलाई उपहार दिनु पर्ने थियो, हामीसँग केही पनि थिएन त्यसको लागि परमेश्वरले एक जना भाइलाई प्रयोग गर्नुभयो। यो भाइलाई हामीले चिनेका थिएनौं उनी अन्त कतै जान लागेका रहेछन् हाम्रो अनाथ

**नियमित बाइबल पढ्ने बानी बसालौं**

आश्रमको नजिक आउँदा उनको गाडीको टायर पंचर भएर त्यो रात उनी हाम्रो नजिकै बसे । अनि हाम्रो अनाथ गृहमा आए २ दिन देखि हामी सँग दुध किन्ने पनि पैसा थिएन तर उनले हामीलाई त्यो कार वेचेर सहायता गरे । उनी पैदलै २ पछि पछि आफ्नो घरमा गए त्यो रकमले हामीले धेरै काम गर्न सक्यौं ।

केही दिन पछाडिको कुरा हो हाम्रो अफिसका सहकर्मीहरू पैसा जुटाउने कुरामा जति प्रयास गरे पनि असफल भए तर आवश्यकता एकदमै उच्च थियो । "मैले लामो प्रार्थना गरे अनि परमेश्वरले मलाई यसो भन्नु भयो "मुलर तिमी निरुत्साह नहोउ मेरा मानिसहरूलाई चाहिने कुरा के मैले जुटाउँदिन होला र ? " यो शब्दले मलाई सारै उत्साह दियो । "जसले आफ्नै निजी पुत्रलाई बाँकी राख्नु भएन, तर हामी सबैका निम्ति उहाँलाई दिनु भयो कि उहाँले हामीलाई सबै थोक पनि उहाँकै साथमा दिनु हुनेछैन र " ( रोमी ८ : ३२ )

उनले आफ्नो दैनिकीमा यसरी लेखेका छन् "यसपटक हाम्रो विश्वासको संकट सत्र महिना सम्म चल्यो यस पटक निकै लामो समय भयो । तरै पनि अनाथहरूको लागि खाना, पोशाक तथा अन्य शैक्षिक सामग्री हरू प्रशस्तै थियो ।"

तिनवटा अनाथगृहहरू हाम्रो अगाडिको जीम्मेवारी थियो । त्यसैलाई राम्रोसँग संचालनगर्न हामीले सकेका थिएनौं तर मैले कसरी हो कसरी चौथो अनाथ गृह पनि संचालन गर्न सुरु गर्नु पर्ने भयो । त्यही सकडकमै अर्को एउटा घर हामीले भाडामा लियौं र बच्चाहरू राख्नु सुरु गऱ्यौं ।

हाम्रो गृहमा एकजना केटा आयो जसको बाबु र भाइ मरेका थिए उसलाई हामीले नयाँ गृहमा राख्यौं उ सँग हामीले संधै प्रार्थना गऱ्यौं उसको भित्रपट्टि ठूलो चोट लागेको थियो विस्तारै विस्तारै उ निको हुँदै गयो । परमेश्वरलाई धन्यवाद होस् । "सारा पृथ्वीका न्यायकर्ताले उचित न्याय गर्नुहुन्छ ।" (उत्पत्ति १८:१५)

म विश्वास गर्दछु । यस्तो अवस्थामा परमेश्वरको वचनका यस्ता प्रतिज्ञाहरू देखा पर्दछन् । मैले मेरो सम्पूर्ण दुख उहाँमाथि खन्याएँ र आफ्नो घुँडामा उठें, । मेरो जीवनमा यस्ता धेरै घटनाहरू घटे तेरे पनि परमेश्वरले आफ्नो पाललाई सधैं तन्काएर राख्नु भयो । जब प्रार्थना गरेर उठ्छु म यस्तो सोच्छु 'परमेश्वरमा भर पर्नु भनेको उहाँले मलाई दिनु भएको उपहार नै हो ।' मैले जुन उपहार पाएको छु अरु सन्तहरूले पनि त्यस्तै उपहार पाउँछन् भन्ने छैन मेरो उदाहरणले धेरैलाई परमेश्वरमा भर पर्न सहायता मिल्नेछ ।

**विश्वासलाई सुदृढ गर्नु :**

जर्ज मुलरले हरेक विश्वासीलाई आफ्नो विश्वासलाई प्रमाणित गर्नु पर्छ भन्ने उत्साह दिए । विश्वासलाई सुदृढ गर्न उनले विभिन्न सुझावहरू पनि दिएका छन् - "हरेक असल दान र हरेक सिद्ध वरदान स्वर्गबाट हो, यो वरदान ज्योतिका पिताबाट आउँछ । बदली रहने छायाँ जस्तो उहाँमा कुनै हेरफेर हुँदैन ।" (याकूब १: १७)

ध्यानपूर्वक परमेश्वरको वचन पढेर त्यसमा मनन गर्दा विश्वास बलियो हुन्छ । परमेश्वर पवित्र र न्यायीको साथै उहाँ मायालु, अनुग्रही, दयालु र शक्तिशाली, बुद्धिमान र विश्वासी परमेश्वर हुनुहुन्छ । उहाँ हाम्रा आवश्यकता पुरा गर्ने क्षमतावान मात्र होइन पुरा गर्ने इच्छा पनि राख्नु हुन्छ ।

हामीले परमेश्वरको अगाडि सीधा हृदय र सुद्धविवेक राख्न जरुरी छ ।

हामीलाई बलियो पार्ने परिक्षाबाट हामी कहिलै पनि पछि हट्नु हुदैन । हामीले उहाँलाई मात्र हेरिरहयौं भने उहाँ हाम्रो अगाडि सधैं उभिनुहुन्छ ।

परिक्षाको समयमा हामीले आफ्नै छुटकाराको खोजी गर्नु हुँदैन । तर उहाँमा छुटकाराको निम्ति पर्खनुपर्दछ ।

*(जर्ज मुलरद्वारा लिखित "लाइफ अफ ट्रस्ट" पुस्तकबाट साभार गरिएको)*

## प्रार्थना गरौं

- संसारभरि फैलिएको कोरोना (कोभिड १९) को प्रकोपबाट छिट्टै मुक्ति पाई विश्व मानवसमाज सामान्य अवस्थामा फर्कन सकेको होस् ।
- राष्ट्रिय ख्रीष्टियन महासंघ सबै ख्रीष्टियनको हक-हितको लागि लगातार काममा लाग्न सकोस् ।
- देशभरिका ख्रीष्टियनहरुका बीचमा एकता आइरहोस् ।
- अन्याय, अपराध, अपहरण, हत्या, चोरी, डकैती, व्यभिचारजस्ता सामाजिक अपराधहरु रोकिन सकेका हुन् ।
- प्रवासी नेपालीहरुको बीचमा सुसमाचार कार्य र मण्डली वृद्धि हुन सकोस् ।
- अन्धकारको शक्ति र तिनका दुष्टकार्य, योजनाहरु, किल्लाहरु आदिको विरुद्धमा प्रार्थना गर्ने । (एफिसी ६ : १२)

# के तपाईं प्रभुको आगमनको लागि तयार हुनुहुन्छ ?

## Are You Ready for the Comong of the Lord?

By Sarah Foulkes Moore (1890 - 1973)

Vol 78 No 11 (935)

प्रभु चाँडै आउँदै हुनुहुन्छ । उहाँ दुलाहाजस्तै आउनु हुनेछ । आफ्नी दुलही लिनको निम्ति सजिएर आउनु हुनेछ । उहाँ ठूलो दरबारकी दुलहीलाई लिन आएको समयमा दुलाहाले दुलहीको सजावटको आशा हुन्छ, त्यस्तै आशा राखेर दुलहीको सुन्दरताको ठूलो इच्छा राखेर आफ्नी दुलही लिन आउँदै हुनुहुन्छ । खीष्टको दुलहीको सौन्दर्यको बारेमा भजनसंग्रह ४५ मा उल्लेख गरिएको छ । जहाँ दुलही कसरी सिँगारिनु पर्छ भन्ने बारेमा उल्लेख गरिएको छ । हामीहरु पनि खीष्टको दोस्रो आगमनमा उहाँ आउँदा विभिन्न बहुमूल्य गहनाले सिँगारएर उहाँलाई पर्खेर बस्नुपर्छ । प्रभुको महिमाको बारेमा बाइबलमा धेरै ठाउँमा उल्लेख गरिएको छ । महिमाको अर्थ एक अर्थमा सुन्दरता पनि हो । यसको अर्थ प्रभुको सौन्दर्य भन्ने बुझिन्छ । त्यसकारण हामी उहाँको पवित्रताको सुन्दरतामा पुज्न गर्दछौँ । “परमप्रभुलाई उहाँको नाउँअनुसारको महिमा चढाओ, भेटी लिएर उहाँको सामु आओ । उहाँका पवित्रताको वैभवमा परमप्रभुलाई दण्डवत गर ।” (१ इतिहास १६ : २९) त्यस्तै गरी उहाँको दुलही जसलाई उहाँ स्वर्गबाट आउनुहुन्छ र पवित्रताको सुन्दरतामा सुशोभित भएकी आफ्नी दुलहीलाई ग्रहण गर्नु हुनेछ “आफ्नो खोपीमा राजकुमारी ऐश्वर्यमयी छिन् । तिनको वस्त्रमा सुन जडिएको छ ।” (भजनसंग्रह ४५ : १३) यसरी सजिएको दुलहीलाई सहयोगी बनाउनु हुन्छ । जो भित्री बाहिरी महिमामा रहन्छिन् । पावलले खीष्टलाई आफूसँग यस्ती दुलही भएको प्रस्त्त गर्दछन् । “र उहाँले दाग वा चाउरी नभएको अथवा यस्ता कुनै कुरा नभएको तेजस्वी मण्डली आफैकहाँ प्रस्तुत गर्न सकुन् र त्यो चाहिँ पवित्र र निष्खोट होस् ।” (एफिसी ५ : २७) यूहन्नाले पनि स्वर्गीय दुलहीको यसरी प्रस्तुत गरेका छन्, “हामी रमाऔँ र आनन्दित होऔँ र उहाँलाई महिमा दिऔँ । किनकि, थुमाको विवाहको दिन आएको छ र उहाँकी दुलही स्वयं तयार भएकी छिन् ।” (प्रकाश १९ : ७)

**हामी तयार छौँ ! -** मण्डलीलाई कुमारीको रुपमा बोलाइएको छ जसको अर्थ हो परमेश्वरबाट अलग भएका मानिसहरु । पावलले आफ्नो सेवकाई अन्तर्गतका इसाईहरुलाई यसरी लेखेका थिए । “ईश्वरीय डाहले म तिमीहरुप्रति डाही भएको छु । एउटै पतिकी पवित्र दुलहीको रुपमा तिमीहरुलाई प्रस्तुत गर्न मैले खीष्टसँग तिमीहरुको मगनी गरिदिएँ ।” (२ कोरिन्थी ११ : २) प्रिय मित्रहरु, के तपाईंभित्र खीष्ट महिमीत हुनुहुन्छ ? के तपाईंको धार्मिक पोशाक दागरहित छ ? परमेश्वरले दाग लागेको वस्त्रलाई घृणा गर्नुहुन्छ । उहाँले हामीले लगाएको वस्त्र शुद्ध चाहनुहुन्छ । “अरुलाई आगोबाट पानी निकालेर र बचाओ, कसैकसैलाई दया देखाउँदा होशियार गर, पापमय स्वभावद्वारा बिटुलिएका वस्त्रसमेत घृणा गर ।” (यहूदा पद २३)

“विश्वासद्वारा मृत्यु नचाखी हनोक स्वर्गमा उठाई लगिए र तिनी कतै फेला परेनन् । किनकि परमेश्वरले तिनलाई लानुभएको थियो । तिनी उठाई लगिनुभन्दा अघि परमेश्वलाई तिनले प्रसन्न पारेको कुराको पुष्टि भएको थियो ।” (हिब्रू ११ : ५) हे प्रिय मित्रहरु ! के तपाईंको जीवन शुद्ध छ ? के तपाईंको पैदलयात्राको जीवन आकर्षक छ ? के उहाँले तपाईंको सुन्दरतालाई देख्नुभएको छ ? के तपाईंको वस्त्र शुद्ध छ ? विचार गर्नुहोस् ।

**उहाँको शब्दलाई याद गरेका छौँ !** अब उहाँको आगमनको यस घडीमा आफूलाई तयार पार्ने कुरा हाम्रो चिन्ताको लागि सबभन्दा महत्वपूर्ण कुरा हो । धेरैजना तयार त छन् तर उहाँको शब्दलाई याद गरेका छैनन् । उहाँको वचनलाई याद गर्नु अति नै आवश्यक छ । परमेश्वरले आफूलाई कता लैजाँदै हुनुहुन्छ, याद गर्नुपर्छ । उहाँले कस्तो परिस्थितिमा हामीलाई सहायता गर्नुहुन्छ आफू पूर्ण रुपमा निश्चित हुनु पर्छ । होशियार हुनुहोस् ! नत्र कुनै समयमा तपाईंको हृदय बढ्ने छ । बाइबलमा येशूले यसो भन्नुहुन्छ, “तर तिमीहरु आफ्नो विषयमा होशियार रहो, नत्रता भोगविलास, मतवालापन र जीवनको फिक्रीले तिमीहरुको मन दबिएला र तिमीहरुमाथि एक्कासि त्यो दिन पासो नै आइपर्ला । तर आइपर्ने यी सबै कुराहरुबाट उम्कन

र मानिसको पुत्रको सामुन्ने खडा हुन सामर्थ्य हुनलाई सबै समय प्रार्थना गर्दै जागा रहो ।" (लूका २१ : ३४, ३६) धन्य छ त्यो मानिस जसले उहाँलाई पर्खेर आफ्नो लुगालाई शुद्ध राखेर हेरिरहन्छ । "हेर, म चोरजस्तै आउने छु । त्यो धन्य हो । जो जागा रहन्छ र आफ्नो वस्त्रको रक्षा गर्दछ । नत्रता त्यो नाङ्गै हिँड्नेछ, र त्यसको नग्नता देखिनेछ ।" (प्रकाश १६ : १५)

प्रभुले आफ्ना चेलाहरुलाई सावधान र जागा रहन जोडदार सल्लाह दिनुहुँदा, उहाँ तिनीहरुलाई कुनै पनि विगतका आशिषमा सन्तुष्टि रहन प्रोत्साहन गर्नुहुन्न नत्र उहाँले धेरै पहिल्यै परमेश्वरको वचन पढेका कारणले र अनुभव गरेक कारणले तिमीहरु अघि बढ्न भनी उत्साह दिनुहुन्छ । तर तिमीहरु लगातार परमेश्वरको वचनमा र प्रार्थनामा लागिरहनलाई उत्साह दिनुहुन्छ । परमेश्वरको दिनमा हामी लगातार लागिरहनु पर्छ । धैर्यपूर्वक तयारीका साथ उहाँलाई पर्खी बस्नुपर्छ भने र उत्साह दिनुहुन्छ ।

येशूले भन्नुहुन्छ कि, "जे म तिमीहरुलाई भन्दछु, त्यो म सबैलाई भन्दछु, जागा रहो ।" (मर्कूश १३ : ३७) मण्डलीको शिर खीष्टले यसो भन्नुहुन्छ, "किन कि पति-पत्नीको शिर हो जसरी खीष्ट मण्डलीको शिर हुनुहुन्छ, जुन मण्डली उहाँको शरीर हो, र उहाँ स्वयं त्यसको मुक्तिदाता हुनुहुन्छ । जसरी मण्डली खीष्टको अधिनमा छ, पत्नीहरु पनि हरेक कुरामा पतिहरुमा अधिनमा रहनू ।" (एफिसी ५ : २३ - २४) उहाँले धेरै पटक आफ्ना मानिसलाई दोहोऱ्याएर जागारहन जोडसँग आदेश दिनुहुन्छ र उनीहरुलाई जगाउनुहुन्छ, यस्तै जागा रहनलाई अनुरोध पनि गर्नुहुन्छ । उहाँले हामीलाई बाइबलको विभिन्न ठाउँमा जागा रहो र प्रार्थना गर भनेर जोड दिनुभएको छ । यसकारण जागा रहो किनकि कुन दिन तिमीहरुका प्रभु आउनेछन्, सो तिनीहरुले जान्दैनौ ।" "यसकारण जागा रहो किनकि त्यो दिन र त्यो घडी तिमीहरुलाई थाहा छैन ।" (मत्ती २४ : ४२; २५ : १३) "यसकारण तिमीहरु जागा रहो किनकि घरको मालिक बेलुकी कि आधा रातमा कि भाले बास्दा कि बिहान कहिले आउने हो सो तिमीहरु जान्दैनौ ।" (मर्कूस १३ : ३५) विलास, मतवालापन र जीवनको फिक्रीले तिमीहरुको मन दबिएला र तिमीहरुमाथि एक्कासि त्यो दिन पासो झैँ आइपर्ला किनकि यसरी नै सारा पृथ्वीमा वास गर्न सबैमाथि यो आइपर्ने छ । तर आइपर्ने यी सबै कुराहरुबाट उम्कन र मानिसको पुत्रको सामुन्ने खडा हुनुपर्छ । सामर्थ्य हुनलाई सबै समय प्रार्थना गर्दै जागा रहो ।" ( लूका २१ : ३४ - ३६) "यसकारण अरुहरु झैँ हामी नसुतौं तर जागा बसौं र सचेत होऔं ।" (१ थेसलोनिकी ५ : ६) "सबै कुराको अन्त्य नजिकै आएको छ । यसकारण आफ्ना प्रार्थनाको निम्ति शुद्ध मनले सचेत भइरहो ।" (१ पत्रुस ४ : ७) "जागा रहो र मर्नै लागेका रहल कुराहरुलाई दह्रिला पार, किनकि मैले तिम्रा काम मेरा परमेश्वरको दृष्टिमा सिद्ध भएको भेट्टाएको छैन ।" (प्रकाश ३ : २) "हेर म चोरजस्तै आउनेछु । त्यो धन्य हो, जो जागा रहन्छ र आफ्नो वस्त्रको रक्षा गर्छ । नत्रता त्यो नाङ्गै हिँड्नेछ र त्यसको नग्नता देखिनेछ ।" (प्रकाश १६ : १५) फेरि येशूले भन्नुभयो, "साँघुरो ढोकाबाट पस्ने प्रयत्न गर, किनकि म तिमीहरुलाई भन्दछु, धेरै जना पस्न खोज्नेछन्, तर सक्नेछैनन् ।" ( लूका १३ : २४) "तर जति कुरा मेरो निम्ति लाभदायक थिए, ती त मैले खीष्टको खातिर हानि नै ठानें । साँच्चै भन्ने हो भने खीष्ट येशू मेरा प्रभुलाई चिन्न पाउने अमूल्य कुराको तुलनामा सबै कुरालाई म हानि नै ठान्दछु । खीष्टलाई प्राप्त गर्न सकुँ भनेर उहाँको निम्ति मैले सबै कुराको नोक्सानी भोगेको छु, अनि ती सबैलाई फोहोरमैलातुल्य म गन्दछु, र सम्पूर्ण रुपले म उहाँमा भएको पाइन सकुँ । व्यवस्थामाथि आधारित भएको मेरो आफ्नै धार्मिकता होइन, तर मेरो धार्मिकता यही हो, जो खीष्टमाथि निर्भर हुन्छ, जुन चाहिँ विश्वासद्वारा परमेश्वरबाट आउने धार्मिकता हो । म उहाँलाई र उहाँको पुनरुत्थानको शक्ति जान्न सकुँ र उहाँको मृत्युमा उहाँजस्तै भई उहाँको दुःखभोगमा सहभागी हुन सकुँ । सम्भव भए मरेकाहरुबाट म पुनरुत्थान प्राप्त गर्न सकुँ । मैले यी सबै अघिबाटै प्राप्त गरिसकेको छु, अथवा म अघिबाटै सिद्ध भइसकेको छु भनेर त होइन तर ती कुराहरुलाई पक्रनको निम्ति म अघि बढिरहेको छु जुन कुराको निम्ति खीष्टले मलाई पक्रनुभयो । "भाइ हो, मैले यी सब पक्रिसकेको छु भनी म ठान्दिनँ तर म एउटा काम गर्दछु कि पछाडिका कुराहरु बिर्सेर र अगाडिका कुराहरुतिर जोडसँग लम्कँदै खीष्ट येशूमा परमेश्वरको स्वर्गीय बोलावटमा पाइने पुरस्कारको निम्ति निशानातिर म जोडसँग अगि बढ्दछु ।" (फिलिप्पी ३ : ७ - १४)

**एकजना लगिनेछ अर्को छोडिनेछ-** कहिलेकाहीँ मानिसहरुको लापरवाही र गनगन गर्ने बानी हुन्छ त्यसले उनीहरुलाई निराशतिर लैजान्छ र तिनीहरु निराशको घडीमा पुग्दछन् परमेश्वरले मानिसलाई आफ्नो वचनबाट

उत्साह दिनुहुन्छ (लूका २१ : ३४ - ३६) अब ढिला हुन अघि हामी निद्राबाट ब्युँझनुपर्छ र आफूलाई होशियार साथ प्रार्थनामा उत्प्रेरित गराउनुपर्छ । किनकि उहाँको आगमनको समय नजिक आइपुगेको छ । अन्तका दिनका चिन्हहरु हाम्रो वरिपरि जतातत्तै घटिरहेको हामीले देखेका छौं । धान र गहुँ पोकेको छ जम्मा गर्ने ठाउँ नजिक छ । प्रभुले लाओडिकियाका मण्डलीहरुलाई हप्काउँदै भन्नुभयो, "मलाई तिम्रा कामहरु थाहा छ । तिमी चिसो पनि छैनौ, तातो पनि छैनौ चिसो कि तातो भए त हुने थियो । किनकि तिमी मनतातो छौ, न चिसो न तातो यसकारण म तिमीहरुलाई मेरो मुखबाट उकेलिदिनेछु ।" (प्रकाश ३ : १५ - १६)

विश्वासी हो मालिकको लागि तपाईंको सेवा भनेको तपाईंको प्रार्थना, तपाईंको बाइबल पढाइ, तपाईंको जीवन गवाही व्यक्तिगत र सार्वजनिक रुपमा चिसो वा तातो वा मनतातो हो । तपाईं आफैले आफैलाई यो प्रश्न सोध्नुहोस् के म एक बुद्धिमान सेवक हुँ ? के परमेश्वरको वचनले मेरो जीवनलाई छाँटकाँट गरेको छ ? अथवा म एक मूर्ख मानिस हुँ जसले परमेश्व्को आगमनलाई विना तयारीका साथ हेरिरहेको छु । आजका यी सांसारिक मानिसको विपरीत इच्छामा पावलले शिक्षा दिँदछन् । उनले दुलाहाको रुपमा आफ्नो जीवनमा खीष्टलाई जित्न अथक प्रयास गरेका थिए । उनले आफूलाई हरेक किसिमका बोझहरुबाट अलग राखे । उनले आफ्नो जीवनमा भएका सबै चिजहरुलाई गुमाए । त्यसैकारण उनले उहाँको दोस्रो आगमनमा परेकाबाट पुनरुत्थान हुनको लागि भरमग्दुर प्रयास गर्न आह्वान गर्दछन् ।

"धिक्कार तिमीहरुलाई जो सियोनमा निर्धक्कसित रहन्छौ, र तिमीहरुलाई, जो सामरियाको डाँडामा आफू सुरक्षित ठान्छौ । तिमीहरु प्रथम जातिका ख्याति प्राप्त भएका मानिसहरु जसकहाँ इस्राएलका मानिसहरु आउँदछन् । कल्नेहमा गएर त्यहीँ हेर । त्यहाँबाट महान् हमातमा जाओ । त्यसपछि पलिश्तीहरुको गातमा जाओ । के ती राज्यहरुभन्दा तिमीहरु असल छौ र ? के तिनीहरुको भूमि तिमीहरुको भन्दा ठूलो छ र ? तिमीहरु दुःखको दिन पन्छाउँछौं । त्रासको राज्य नजिक ल्याउछौ । तिमीहरु हस्तीहाडले जोडेका पलङमा सुत्छौ र आफ्ना-आफ्ना गद्दीहरुमा लम्पसार पर्छौ र तिमीहरु उत्तम भेडाहरु र मोटा बाच्छाहरु खान्छौ । तिमीहरु दाऊदले झैं विणा बजाउँदछौ र सारङ्गीका बजाहरुमा तत्कालै धुन रच्दछौ । तिमीहरु ठूला ठूला कचौरामा दाखमद्य पिउँछौं, सर्वोत्तम तेल लगाउँदछौं तर योसेफको विनासमा केही अफसोस गर्दैनौ । यसकारण निर्वासनमा जानेहरुमध्ये तिमीहरु पहिला हुनेछौ र तिमीहरुका भोज र मोजमज्जा समाप्त हुनेछन् ।" (आमोश ६ : १ - ७)

"तिम्रो कम्मर कम्मरमा विभिन्न प्रकारका कुराहरु बज्नेछन् । तिम्रा बत्तीहरु निभ्नेछन् "तिमीहरुका आफ्ना कम्मर कस र तिमीहरुका बत्ती बाली राख । तिमीहरु ती मानिसहरुजस्ता होओ जसले आफ्ना मालिक विवाहको मोजबाट फर्किआए र ढक्ढकाउँदा तिनको निम्ति झट्टै ढोका खोलिदिन्छन् ।" (लूका १२ : ३५ - ३६) आजका इसाईहरुको बीचमा खीष्ट र सांसरका कुराको ठूलो पर्खाल छ । प्रार्थनाद्वारा असम्भव कुरालाई पनि सम्भव पार्न सकिन्छ । अहिलेका मण्डलीका विश्वासीहरु अल्छी, स्वार्थीपन र अनैतिन जीवनशैलीमा गुज्रिरहेका छन् । त्यस्तै मानिसले मण्डलीहरु भरिएका छन् । कुनै कुराको खीष्टको बारेमा ज्ञान छैन तर म जान्दछु भनेर चम्कन्छन् । उनीहरु प्रभुका आज्ञालाई वेवास्ता गर्दै आफूलाई संसारतिर लागिरहका हुन्छन् । यस्ता विचार र सोचाइबाट उम्कनको निम्ति परमेश्वरले आफ्ना आज्ञाहरु दिनु भएको छ ।

**उहाँको आगमनको निम्ति पर्खिरहने-** "प्रिय हो, अहिले हामी परमेश्वरका सन्तान हौं र हामी के होऔंला, सो अहिलेसम्म प्रकट भएको छैन । यति जान्दछौ कि जब उहाँ प्रकट हुनुहुन्छ, तब हामी उहाँजस्तै हुनेछौं किनकि उहाँजस्तो हुनुहुन्छ हामी उहाँलाई त्यस्तै देख्नेछौ । अनि जस्तो उहाँ पवित्र हुनुहुन्छ, उहाँमाथि यो आशा राख्ने हरेक मानिसले आफूलाई पवित्र पार्दछ ।" (१ यूहन्ना ३ : २ - ३)

आर ए टोरीले यो भन्दछन् कि "हाम्रो प्रभुको आगमन नै शुद्ध निस्वार्थ, समर्पित, विश्वव्यापी, सक्रिय मसिह जीवनको लागि बाइबल ठूलो तर्क हो ।" प्रेरितका अनुसार जो कोही खीष्टको आगमनको आशा राख्दछ, उसले आफूलाई शुद्ध पार्दछ । के आज मण्डली यसको लागि तयार छ ? के तपाईं तयार हुनुहुन्छ ? विचार गरौं । परमेश्वर भन्नुहुन्छ, "जत्तिलाई म माया गर्छ, म तिनीहरुलाई हप्काउँदछु र ताडना दिन्छु । यसकारण उत्साहित होओ पश्चाताप गर । हेर, म ढोकामा उभिएर ढक्ढकाउँछु । कसैले मेरो स्वर सुनेर ढोका खोलिदियो भने म त्यसकहाँ भित्र पस्नेछु र त्यससँग भोजन खानेछु र त्यसले मसँग खानेछ ।" (प्रकाश ३ : १९ - २०)

"कसैले हामीलाई खीष्टको प्रेमबाट अलग गर्ने ? के संकटले अथवा दुःखले वा खेदोले वा अनिकालले वा नग्नताले अथवा खतराले वा तरबाले ? यस्तो लेखिएको छ, तपाईंको खातिर हामी दिनभरि मारिन्छौ, काटिने भेडाहरुजस्तै हामीहरु गनिएका छौं । होइन, यी सबै कुरामा हामीलाई प्रेम गर्नुहुनेद्वारा हामी विजेताहरु भन्दा पनि अझ बढी छौं । किनकि म यो पक्का गरी जान्दछु कि मृत्युले वा जीवनले स्वर्गदूतरुले, वा प्रधानताहरुले वर्तमानका कुराहरुले वा पछि हुने कुराहरुले वा शक्तिहरुले उचाइले वा गहिराइले वा सारा सृष्टिमा भएका कुनै पनि कुराले खीष्ट येशूमा भएका परमेश्वरको प्रेमबाट हामीलाई अलग गर्न सक्नेछैन ।" (रोमी ८ : ३५ - ३९)

उहाँ दुलाहाजस्तै आउँदै हुनुहुन्छ आफ्नी दुलही लिनको निम्ति, के तपाईं धार्मिकताको वस्त्रद्वारा सुन्दर भएर उहाँसँग जान तयारी अवस्थामा बस्नुभएको छ ? के तपाईं उहाँसँग उहाँको सिंहासनमा बस्नलाई तयार हुनुहुन्छ ? जब उहाँ आउनु हुनेछ आफ्ना दूतहरु साथमा लिएर तुरहीको स्वरमा बाजा बजाउँदै आफ्नी दुलही लिन र खुसीसाथ आफ्नो साथमा लैजानु हुनेछ । के हामी संसारमा एकजना दुलाहा आफ्नी दुलही लिनलाई आउँदा दुलहीले राम्रोसँग बाहिरी सिँगार गरेर आफ्नो दुलाहालाई पर्खेर बसेकी हुदिनन् ? त्यसरी नै हामी पनि आफ्नो स्वर्गीय दुलाहाको आगमनको निम्ति आफ्ना सम्पूर्ण आत्मिक भूषणहरुले सजिसजाउ भएर उहाँको मन पर्ने दुलही भएर पर्खनु पर्छ । येशूले भन्नुहुन्छ, "हेर म चोरजस्तै आउनेछु । त्यो धन्य हो जो जागा रहन्छ र आफ्नो वस्त्रको रक्षा गर्छ । नत्रता त्यो नाङ्गै हिंड्नेछ र त्यसको नग्नता देखिनेछ ।" (प्रकाश १६ : १५)

# खीष्ट येशूका आज्ञाहरू

**विश्वास सम्बन्धमा**

- सु-समाचारमा विश्वास गर, मर्कूश १ :१५
- पिता र ममा विश्वास गर, यूहन्ना १४ : १
- मलाई पठाउनेलाई विश्वास गर, यूहन्ना : २८ - २९
- पिता ममा र म पितामा छौ भनेर विश्वास गर, यूहन्ना १४ : ११
- मैले गरेका काममा विश्वास गर यूहन्ना १० : ३७ - ३८
- मैले जे पिताबाट पाएको छु त्यसमा विश्वास गर मकूर्श ११ : २४

**नयाँ जन्मको सम्बन्धमा**

- नयाँ गरि जन्मनै पर्छ, यूहन्ना ३ : ७
- तिमीभित्र भएकोलाई सफा गर मत्ती २३ : २६
- रुख राम्रो वनाउ र फल राम्रो हुन्छ मत्ती १२ : ३३
- म मा रहो र म तिमीहरूमा यूहन्ना १५:४
- नून जस्तै वन मकूर्श ९ : ५०
- अनन्त जीवनको निम्ति दुःख गर यूहन्ना ६:२७
- आनन्दित बन किनकि तिम्रो नाम स्वर्गमा लेखिएको छ लूका १०:२०

**पवित्र आत्मा पाउने सम्बन्धमा**

- पवित्र आत्मा लिओ : यूहन्ना २० :२२
- पहिला वालवालीकाले थाहा पाउन मकूर्श ७ : २७
- तिर्खाउने आओस र पिओस् - यूहन्ना ७ : ३७ -३८
- मेरो आज्ञा पालन गर पिताले आशिष दिनुहुन्छ यूहन्ना १४ :१५-१७
- आनन्दले माग पाउनेछौ यू. १६ : २४, लुका ११:५ - १३
- सल्लाहकारको गवाही दिनुहुन्छ यूहन्ना १५ : २६

**येशूको पछि लाग्ने सम्बन्धमा**

- मलाई पच्छाउ यूहन्ना १२ : २६
- बप्तिस्मा लेऊ मत्ती ३ : १३, २८ : १९
- मेरो सम्झनामा खाने गर लुका २२ : १७ - १९
- एक अर्काको खुट्टा धोऊ यूहन्ना १३ : १४-१५
- कोही मेरो पछि लाग्छ भने आफ्नो क्रूस आफै बोकोस् लुका ९ : २३
- मबाट सिक मत्ती ११ : २९
- मेरो प्रेममा रहो यूहन्ना १५ :९

# BOOKPOST

## पत्र पाउनेको ठेगाना (TO)

**नाम** (Name) :

**ठेगाना** (Address) :

## हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह–सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

**G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal**

**E-mail: nepalherald@yahoo.com**

**Phone No:- 2090221, 4382442**

**Published by: Gospel Revival Inc.** **(all rights reserved)**

**Counselor: Rich Carmicheal**

**Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682**

**Co- Editor: Shanti Poudel**

**Editor: Nava Raj Panta**

**website: www.nepalherald.blogspot.com**